जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ | अंक २४७ | २०८२ साल बैशाख २० गते शनिबार (3 May 2025 Saturday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : वन श्रमिकका समस्याः ... ३ पृष्ठमा : 'डिजिटल' नेपालको निर्माणको ... ३ पृष्ठमा : विश्व युद्धको वार्षिकोत्सवको ...

## आन्दोलित नगरवासीद्वारा हस्ताक्षर संकलन अभियान सुरु



**दैनिक समाचारदाता**
**राजविराज, १९ बैशाख ।**

आन्दोलनरत राजविराज नगरवासीले दोश्रो दिन राजविराज नगरक्षेत्रको विटौरी र ब्लक जग्गाको लालपुर्जाको मागसहित विभिन्न ८ बुंदे माग अघि सार्दै हस्ताक्षर संकलन अभियान सुरु गरेको छ ।

राजविराज नगरवासीको तर्फबाट गठित संर्घष समितिद्वारा घोषित कार्यक्रम अनुसार शुक्रबार नगरको मुख्य चौकमा आफ्नो मागको पक्षमा हस्ताक्षर संकलन अभियान सुरु गरेको हो ।

दोश्रो चरणको आन्दोलन अन्तर्गत पहिलो दिन विहीवार नगरका चौक, पसल र घर/घरमा कालो झण्डा झुण्ड्याएका संघर्ष समितीले दोश्रो दिन शुक्रवार हस्ताक्षरण संकलन अभियान थालेर आन्दोलनलाई निरन्तरता दिएका छन् ।

संघर्ष समितीका संयोजक इरसाद अन्सारी, बार्ता टोलीका सदस्यद्वय दिपेन्द्र चौधरी, शम्भु लाल देव, नागरिक समाजका अध्यक्ष थानसिंह भंसाली, वडा सदस्य बिरेन्द्र साह, नागरिक अगुवा अर्जून प्रसाद साह, संघर्ष समितीका प्रवक्ता अनिल देव लगायतका सयौंको संख्यामा स्थानीयवासीको उपस्थितीमा हस्ताक्षर संकलन अभियान सुरु गरिएको छ ।

बि.स. २०१६ सालमै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक मेन रोड तथा भित्री सडकको दाया बाया रहेका ५ हजार २ सय परिवार वर्षौंदेखि लालपूर्जा नपाएको र नगरपालिकाबाट नक्शा पास तथा मालपोत कार्यालयबाट विगत ८ वर्षदेखि रोक्का प्रक्रिया बन्द गरिएपछि मार्कामा परेका छन् ।

जग्गावापत नगरपालिकाबाट पाएको बिटौरी रसिदका आधारमा बसोवास तथा विगतमा समस्या परेका बेला सोही बिटौरी रसिदमा उल्लेखित जग्गा बैंक तथा वित्तिय संस्थामा धितो राखी ऋण कर्जा लिने गरेका उनीहरु अहिले सो सेवा सुविधाबाट बञ्चित भएका छन् ।

संघर्ष समितिले बिटौरी र ब्लक जग्गाको लालपूर्जाका साथै राजविराज बस पार्क अविलम्ब संचालन, राजविराज हटियामा निर्माणाधिन व्यवसाय कम्प्लेक्सको निर्माण कार्य अविलम्ब सम्पन्न गरी व्यवसायीलाई हस्तानान्तरण, सप्तरीको सिमा नाका क्षेत्रमा वर्षौंदेखि बन्द रहेको छोटी भन्सार कार्यालयहरुको पुनसंचालन लगायतको ८ बुँदे माग अघि सार्दै दोश्रो चरणको आन्दोलन कार्यक्रम घोषणा गरेको छ ।

आन्दोलनका कार्यक्रम अनुसार अघिल्लो दिन नगरभरी कालो झण्डा झुण्ड्याउने कार्यक्रम सम्पन्न गरिएको छ भने शुक्रवार स्थानीय गजेन्द्र चौकमा ८ बुँदे मागका पक्षमा हस्ताक्षर संकलन अभियान थालिएको छ । यस्तै बैशाख २१ गते आइतवार नापी कार्यालयमा धर्ना र बैशाख २२ गते सोमवार राजविराज नगरपालिकामा धर्ना दिई कामकाज ठप्प पार्ने घोषणा संघर्ष समितीले गरेको छ ।

बैशाख २४ गते बुधवार संघर्ष समितिको बैठक बसी आन्दोलनको समिक्षा तथा तेश्रो चरणको आन्दोलनको घोषणा गर्ने संघर्ष समितिले जनाएको छ ।

प्रथम चरणमा गत फागुन १७ गते राजविराज बन्द कार्यक्रमको आयोजना गरिएपछि तातेको स्थानीय प्रशासनको आश्वासन पश्चात केही दिनका लागि आन्दोलन स्थगित गरेको संघर्ष समितिले माग पुरा गर्न सरोकारवाला निकाय उदासिन बनेको भन्दै पुनः आन्दोलन सुरु गरेका हुन ।

## रोकिराखेको टिपरमा मोटरसाइकल ठोकिदा चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १९ बैशाख ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको सुरुङ्गा नगरपालिकास्थित सडकखण्डमा रोकिराखेको टिपरमा ठोकिदा एक मोटरसाईकल चालकको मृत्यु भएको छ ।

सुरुङ्गा नगरपालिका ५ कुशहा खण्डमा रोकि राखेको प्र.२-०१-००१क.००४५ नम्बरको टिपरमा विहीवार राती बा.६७प.९५७६ नम्बरको मोटरसाईकल ठोकिएर मोटरसाईकल चालक सुरुङ्गा नगरपालिका ५ का ४० वर्षिय धनिलाल चौधरीको मृत्यु भएको हो ।

सो दुर्घटनामा गम्भीर घाइते भएका उनलाई तत्कालै उपचारका लागी सिरहाको लहानस्थित प्रादेशिक अस्पताल पुऱ्याइएकोमा उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले जानकारी दिए ।

तीब्र गतीमा रहेको मोटरसाईकल माथी नियन्त्रण गुमाउदा रोखिराखेको टिपरमा ठोकिन गई उक्त दुर्घटना भएको प्रहरीको प्रारम्भीक अनुसन्धानले देखाएको छ ।

## विद्यालय कर्मचारी परिषद्ले सार्‍यो सातबुँदे माग

काठमाडौं, १९ वैशाख (रासस) ।

नेपाल विद्यालय कर्मचारी परिषद्ले विभिन्न माग राखी आन्दोलनको घोषणा गरेको छ । शुक्रबार यहाँ आयाजित पत्रकार सम्मेलनमा परिषद्का अध्यक्ष गङ्गाराम तिवारीले नेपाल शिक्षक महासङ्घ र सरकारबीच भएको नौबुँदे सहमतिमा आफ्नो माग पूरा नभएकाले आन्दोलन गर्नुपरेको बताउनुभयो ।

उहाँले सातबुँदे माग राखी यही वैशाख २१ गतेदेखि आन्दोलनका कार्यक्रम घोषणा गर्नुभएको छ । शिक्षक र कर्मचारीबीच विभेद अन्त्य गर्नुपर्ने, हालसम्म भएका सहमति कार्यान्वयन गर्नुपर्ने, विद्यालय कर्मचारीको बिरामी बिदा सञ्चित गर्नुपर्ने, तलबमान कायम गर्नुपर्ने, विद्यालय कर्मचारीलाई पनि दुर्गम भत्ता उपलब्ध गराउनुपर्ने, तोकिएको समयमा शिक्षा ऐन जारी गर्नुपर्ने र सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्नुपर्ने माग रहेका छन् ।

पत्रकार सम्मेलनमा बब्बन मिश्राको संयोजक र दीप खतिवडाको सहसंयोजक रहेको १५ सदस्यीय आन्दोलन परिचालन समिति गठन गरिएको परिषद्का महासचिव शान्तिनाथ योगीले जानकारी दिनुभयो । उहाँका अनुसार परिषद्ले यही वैशाख २१ देखि जेठ ३ गतेसम्म कालोपपट्टी बाँधी कार्यक्षेत्रमा काम गर्ने, जेठ ४ गतेका दिन ७५३ वटा स्थानीय तहमा ध्यानाकर्षणपत्र बुझाउने, जेठ ५ गते जिल्लागत आन्दोलन परिचालन समिति गठन गर्ने, जेठ ६ गते शिक्षा, विकास तथा समन्वय इकाइमा आन्दोलनको जानकारीसहित ध्यानाकर्षणपत्र बुझाउने, जेठ ७ गते प्रदेशस्थित सामाजिक विकास मन्त्रालयमा ध्यानाकर्षणपत्र बुझाउने र जेठ ९ र १० गते काठमाडौंमा सडक आन्दोलनको घोषणा गरेको छ ।

सरकार र शिक्षकबीच गत वैशाख १७ गते नौबुँदे सहमति भएपछि गत चैत २० गतेदेखि सुरु भएको आन्दोलन स्थगित भएको थियो ।

## छुटेका बालबालिकालाई वैशाख ३१ गते खोप लगाइने

**दैनिक समाचारदाता**
**काठमाडौँ, १९ वैशाख ।**

सरकारले खोप लगाउन छुट भएका पाँच वर्षमुनिका बालबालिकालाई यही वैशाख ३१ गते खोप लगाउने भएको छ ।

स्वास्थ्य सेवा विभागको बालस्वास्थ्य तथा खोप शाखाप्रमुख डा अभियान गौतमले छुट बालबालिकालाई नौ प्रकारका नियमित खोप लगाइने जानकारी दिए । "नियमित खोप लगाउन छुटेका पाँच वर्षमुनिका बालबालिकालाई हामीले वैशाख ३१ गते खोप लगाउँदैछौँ", उनले भने, "त्यो दिन विगतमा नियमित खोप लगाउन छुटेका बालबालिकाले खोप लगाउनेछन् ।"

नेपालमा पाँच वर्षमुनिका ९५ प्रतिशत बालबालिकाले पूर्ण खोप लगाइसकेका छन् । शाखाप्रमुख डा गौतमले छुटेका पाँच प्रतिशत बालबालिकालाई खोजी गरेर खोप लगाइने बताए ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले खोप लगाउन छुट भएका आ-आफ्ना सबै बालबालिकालाई नजिकैको स्वास्थ्य संस्थामा लगेर खोप लगाउन अभिभावकलाई आग्रह गरेको छ ।

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

**Wisdom School**

Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**

- दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने ।
- बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने ।
- CC Camera को निगरानीमा पठनपाठन गराइने ।
- अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने ।
- प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको ।
- गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
- कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने ।

**प्रधानाध्यापक**
Wisdom School, Rajbiraj 2
**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**

## सम्पादकीय ....

### पुरानो नगरपालिका पछाडि पर्दै

नेपालका पुराना नगरपालिकाहरू मध्ये राजविराज एक ऐतिहासिक र योजनाबद्ध शहर हो। भारतको जयपुर शहरलाई अनुकरण गरी बनाइएको यो शहरले नेपालमा शहरी योजनाको प्रारम्भिक उदाहरण प्रस्तुत गर्छ। तर, विडम्बना के छ भने, यति गौरवशाली इतिहास बोकेको नगर अहिले विकासका सूचकहरूमा पछाडि परेको छ। राजविराजमा आधारभूत संरचना जस्तै सडक, खानेपानी, ढल निकास, र स्वच्छता व्यवस्थापने अझै सन्तोषजनक अवस्थामा पुगेका छैनन्। त्यसमा पनि अव्यवस्थित घर निर्माणले झनै समस्या र चुनौतीहरु थपिएका छन्। सरकारी तथा स्थानीय तहका अनियमितता, असक्षमता, र दीर्घकालीन योजना अभावका कारण नगरको स्वरूप दिनप्रतिदिन खस्कँदै गएको देखिन्छ।

शिक्षा र स्वास्थ्य क्षेत्रमा केही निजी लगानीले प्रगति गरेको भए पनि सार्वजनिक सेवा प्रणालीको अवस्था चिन्ताजनक छ। नगरपालिकाको बजेट उपयोग, पारदर्शिता, र नागरिक सहभागिताको अभावले आम जनताको विश्वास घट्दै गएको छ। नगरभित्र रहेको ऐतिहासिक सम्पदा संरक्षणमा समेत उचित ध्यान नदिँदा सांस्कृतिक सम्पदा हराउने खतरा बढेको छ। अर्को ठूलो चुनौती भनेको बेरोजगारी हो। युवा जनशक्ति कामको अभावमा विदेशिन बाध्य छन्, जसले नगरको दीर्घकालीन विकासमा नकारात्मक असर पार्दै आएको छ।

राजविराजले आफ्नो गौरवमय इतिहासलाई स्मरण गर्दै वर्तमान समस्याको सामना गर्न ठोस कदम चाल्नु आवश्यक छ। तसर्थ नगरपालिकाले दीर्घकालीन योजनाहरू बनाउने, बिटौरी समस्या समाधान, पूर्वाधार विकासमा प्राथमिकता दिने र नागरिक सहभागिता बढाउने हो भने मात्र नगरले पुरानो साख पाउन सक्छ।

# वन श्रमिकका समस्या : न बिमा न सुरक्षा

**प्रगति ढकाल**

काठमाडौँ, १९ वैशाख (रासस)।

नेपालको वन क्षेत्रमा काम गर्ने अनौपचारिक श्रमिकहरूको बिमाको सुनिश्चितताका लागि वर्षौंदेखि माग गरिए पनि सुनुवाइ भने हुनसकेको छैन। वन क्षेत्रमा कार्यरत हजारौँ श्रमिक ज्यान जोखिममा राखेर दैनिक जोखिमपूर्ण वातावरणमा काम गर्ने भएकाले उनीहरूलाई राज्यले बिमाको व्यवस्था गरिदिनुपर्ने भन्दै माग गरिएको हो।

वन श्रमिकले जङ्गलका रूख काट्ने, काठ बोक्ने, उकालो-ओरालो जङ्गलमा हिँड्ने, चिप्लो बाटोमा काम गर्ने र जङ्गली जनावरका आक्रमणको सामना गर्नुपर्ने, ढडेलोजस्ता विपद्मा काम गर्नुपर्नेलगायत जोखिम सामना गर्नुपर्दा उनीहरूको जीवन र स्वास्थ्यको सुरक्षा सुनिश्चित गर्न बिमा अपरिहार्य रहेको सरोकारवालाको माग छ। वन अधिकारकर्मीले पनि बिमाले दुर्घटना, अपाङ्गता वा मृत्युको अवस्थामा श्रमिक र उनको परिवारलाई आर्थिक सहायता प्रदान गर्ने र यसले आकस्मिक घटनाको सामना गर्न सहयोग पुर्‍याउने बताएका छन्।

वनविद् डा राजेश राईले वन क्षेत्रमा काम गर्ने श्रमिकलाई तालिमको व्यवस्था नहुनु, बिमाको व्यवस्था नहुनु, सुरक्षाका सामग्रीको व्यवस्था नहुनुलगायत समस्याले उनीहरूले जोखिमपूर्ण वातावरणमा काम गर्नुपरेको बताउनुभयो। "वन क्षेत्रमा काम गर्ने श्रमिकको न बिमा छ न सुरक्षा नै", उहाँ भन्नुहुन्छ, "बिमाले उनीहरूको परिवारलाई आर्थिक रूपमा सुरक्षित राख्न मद्दत गर्छ। जसले सामाजिक सुरक्षाको भावना बढाउँछ।"

वन अधिकारकर्मीले वन श्रमिकको बिमा हुनुपर्ने आवाज उठाएको वर्षौं भए पनि सुनुवाइ भने अहिलेसम्म हुन नसकेको भन्दै आपत्ति जनाउँदै आइरहेका छन्। वन अधिकारकर्मी भोला भट्टराईले वन क्षेत्रको संरक्षण र सदुपयोगमा काम गर्नेहरूले जोखिमपूर्ण वातावरणमा काम गर्नुपरेको भन्दै बिमा अनिवार्य रहेको बताउनुभयो। "रूख कटान मुछानका क्रममा होस्, नर्सरीमा काम गर्दा तथा वनजन्य उद्यममा काम गर्दा होस्, वन्यजन्तुको आक्रमणको खतरा, तस्करको डर, रूख काट्दा रूखले किचेर तथा हुरीबतास चल्दा रूखका हाँगा भाँचिएर हुने खतरा छन्। यसैगरी भिरालो स्थानमा काम गर्दा लड्ने, चिप्लने र घाइते हुने तथा मृत्यु नै हुने खतरा हुन्छ", उहाँले भन्नुभयो, "पर्यावरण तथा स्रोत संस्था (इआरआई)ले सन् २०१३ मा गरेको अध्ययनअनुसार पनि वन क्षेत्रमा वार्षिक अनौपचारिक श्रमिक १५ लाख छन्, तर उनीहरूको पेसागत सुरक्षाको कुरा सम्बोधन भएको अवस्था छैन।"

अधिकांश वन क्षेत्रका श्रमिक अनौपचारिक क्षेत्रको कामदार रहेका र काम गर्ने क्रममा कुनै अप्रिय घटना भएमा बिमा नभएको भन्दै भट्टराईले सरकारले सुनुवाइ नगरेकामा असन्तुष्टि पोख्नुभयो। उहाँले वन नीति र वन नियमावलीमा श्रमिकको बिमा गरिने उल्लेख गरिए पनि कार्यान्वयनमा आउन नसकेको बताउनुभयो। "बिमा भएमा यदि श्रम गर्दा घाइते भएमा पनि स्वास्थ्योपचारमा सहयोग पुग्ने छ। बिमा योजनाले अस्पताल खर्च, औषधि र उपचार खर्चमा सहयोग पुर्‍याउँछन्, जसले श्रमिकको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्छ", भट्टराईले भन्नुभयो।

**वनमा श्रमको मूल्याङ्कन भएन**

सामुदायिक वन अभियन्तासमेत रहनुभएकी बागमती प्रदेशसभा ससदस्य भारती पाठकले वन क्षेत्रमा काम गर्ने श्रमिकको श्रमको समेत मूल्याङ्कन हुन नसकेको गुनासो गर्नुभयो। "वन क्षेत्रमा काम गर्ने महिला र पुरूषको हकमा समान ज्याला रहे पनि श्रम भने निकै कठिन छ। तर श्रमको उचित मूल्य भने पाएका छैनन्", उहाँले भन्नुभयो, "अझ सामुदायिक वनमा काम गर्ने उपभोक्ताले त वर्षौंदेखि स्वयंसेवकका रूपमा काम गरिरहेका छन्। उनीहरूलाई आम्दानीसँग त जोड्नै सकिएको छैन।"

वन श्रमिकहरू कठिन र जोखिमपूर्ण परिस्थितिमा काम गर्ने, भारी तथा काठ बोक्दा चोटपटक लाग्ने, चिप्लो र उकालो बाटोमा लड्ने तथा जङ्गली जनावरको आक्रमणको सिकार हुनुपर्नेजस्ता घटनाले उनीहरूको जीवनमा गम्भीर असर पार्न सक्ने भन्दै बिमाको व्यवस्था अनिवार्य हुनुपर्ने उहाँको माग छ।

पाठकले श्रमअनुसारको मूल्य दिनुपर्ने, श्रममा जाँदा अनिवार्य रूपमा सुरक्षा सामग्रीको व्यवस्था हुनुपर्ने, पर्याप्त तालिमको व्यवस्था हुनुपर्ने माग गर्नुभएको छ। "सामुदायिक वनमा काम गर्नेहरूको हकमा पनि सुरक्षाको ग्यारेन्टी छैन। उनीहरूले बर्सेनि वन्यजन्तुको आक्रमणमा परी ज्यान गुमाएका छन्। ढडेलो नियन्त्रणका लागि जाँदा कत्तिको ज्यानै गएको पनि छ, कयौँ अझै घाइते छन्। राज्यले केही गर्न सक्ने अवस्था छैन", उहाँले भन्नुभयो, "यसपटक चाहिँ वन तथा वातावरण मन्त्रालयअन्तर्गतको रेड कार्यान्वयनबाट सामुदायिक बिमाको कुरा उठेको छ। सुरूआत हुनु नै सकरात्मक कुरा हो।"

नेपाल वन पैदावार उद्योग व्यवसायी महासङ्घका अध्यक्ष दिनेश रेग्मीले दैनिक ज्यालामा काम गर्ने श्रमिकलाई भने सुरक्षा र बिमाको व्यवस्था नहुँदा समस्या देखिएको बताउनुभयो। "उद्योगीले चाहिँ प्रायः दैनिक ज्यालादारीभन्दा पनि मासिक तलब दिनेगरी काम लगाएका छौँ। अहिले त सामाजिक सुरक्षा कोषमा आबद्ध गराउँदा थप सजिलो भएको छ। उनीहरूलाई सावधानी अपनाउन सुरक्षाका सामग्री उपलब्ध गराउने र तालिम दिएका हुन्छौँ। जसले गर्दा सुरक्षा चुनौती न्यूनीकरणमा सहयोग गरेको छ", उहाँ भन्नुहुन्छ, "तर दैनिक ज्यालामा काम गर्नेलाई भने अलि समस्या छ। यदि कुनै उद्योगले दैनिक ज्यालामा काम लगाउने क्रममा कुनै क्षति भए उद्योगले नै व्यहोर्ने चाहिँ गरेको छ। प्रायः दैनिक ज्यालामा काम लगाउँदैनौँ।"

**जीवन बिमा र सुरक्षा तालिम अनिवार्य**

सामुदायिक वन उपभोक्ता महासङ्घ (फोकोफन)का अध्यक्ष ठाकुर भण्डारीले पनि वन क्षेत्रमा खटिने श्रमिकको जीवन बिमा र सुरक्षासम्बन्धी तालिमको व्यवस्था अनिवार्य हुनुपर्नेमा जोड दिनुभयो। "हामीले वन श्रमिकको बिमा हुनुपर्ने माग उठाइरहेका छौँ, वन नियमावली र वन नीतिमा पनि यससम्बन्धी नीति लिइएको छ। अब कार्यान्वयनमा जान आवश्यक छ", उहाँले भन्नुभयो, "वनमा काम गर्ने श्रमिकको सुरक्षासम्बन्धी तालिम पनि उत्तिकै जरूरी छ। डढेलो नियन्त्रणमा जाने, काठ काट्न जाँदा कतिको मृत्यु भएको छ। वन श्रमिकको सुरक्षा र कल्याण सुनिश्चित गर्न बिमा अनिवार्य छ। यसले उनीहरूको जीवनमा स्थायित्व र सुरक्षाको भावना ल्याउँछ, जसले समग्र वन क्षेत्रको दिगो विकासमा योगदान पुर्‍याउँछ।"

**वन श्रमिकको पहिचान गर्न कार्यविधि आवश्यक**

वन तथा वातावरण मन्त्रालयका प्रवक्ता शिव वाग्लेले वन श्रमिकको पहिचान अझै हुन नसकेको भन्दै उनीहरूको पहिचानका लागि कार्यविधि बनाउन आवश्यक रहेको बताउनुभयो। "वन श्रमिकका विषयमा वन नियमावलीमा व्यवस्था त छ तर कोको वन श्रमिक हुन्? उनीहरू कति छन्? उनीहरूको आवश्यकता के छ? लगायत विषयमा स्पष्ट हुन कार्यविधि बनाएर अगाडि बढ्न आवश्यक छ। कार्यविधि बनाउने कुरा छलफलमा आइसकेको छ", उहाँले भन्नुभयो, "जसले काम अह्राउँछ उसले श्रमिकलाई सुरक्षाको प्रत्याभूति गराउनपर्छ। राज्यले पनि के गर्न सक्छ? छलफल गरेर अगाडि बढ्ने छौँ।"

नेपाल वन प्राविधिक सङ्घ (एनएफए)का सचिव सुदीप छत्कुलीले वन क्षेत्रमा काम गर्ने श्रमिकले जोखिम मोलेर काम गर्नुपरेको भन्दै उनीहरूको सुरक्षा र बिमाका व्यवस्था हुनुपर्ने सवालमा एनएफएले आवाज उठाइरहेको बताउनुभयो। "अहिलेसम्मको घटनाक्रम हेर्दा कति श्रमिक वन ढडेलोमा परेर ज्यान गुमाएका छन्। कोही तस्करको गोली लागेर, कोही वन्यजन्तुको सिकार भएर, कोही रूखले किचेर, कोही लडेर मृत्यु भएको छ। कति जना अझै घाइते छन्। यस्तो जोखिमपूर्ण क्षेत्रमा काम गर्नेलाई राज्यले सुरक्षाको ग्यारेन्टी र बिमाको व्यवस्था गर्नुपर्छ भनेर एनएफएले आवाज उठाउँदै आएको छ। तर सुनुवाइ भएन", उहाँले भन्नुभयो, "तर हामी निरन्तर रूपमा यी सवालहरूमा आवाज उठाउने छौँ।"

छत्कुलीले पनि श्रमिकले उचित ज्वाला पाउनुपर्ने, श्रमको सम्मान हुनुपर्नेलगायत कुरामा पनि आवाज उठाइएको बताउनुभयो। "बिमाको व्यवस्था गर्नुका साथै बिमाको प्रभावकारी कार्यान्वयनका लागि श्रमिकहरूमा बिमा साक्षरताको अभिवृद्धि आवश्यक छ", उहाँले भन्नुभयो।

# लगानी बोर्डको रणनीतिक योजना : चार वर्षमा ११ परियोजना सञ्चालन र १४ वटा निर्माणको चरणमा लगिसक्ने

काठमाडौँ, १९ वैशाख (रासस)।

सार्वजनिक-निजी साझेदारी (पिपिपी) अवधारणामा पूर्वाधार विकासका क्षेत्रमा महत्वाकाङ्क्षी लक्ष्य हासिल गर्ने योजनासहित लगानी बोर्ड नेपालको 'रणनीति तथा व्यावसायिक योजना २०८१-८६' स्वीकृत भएको छ।

गत आइतबार बसेको लगानी बोर्ड नेपालको बैठकले उक्त योजना स्वीकृत गरेको हो। बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायका अनुसार आगामी चार वर्षभित्रमा विभिन्न परियोजनामा गरिसक्नुपर्ने कामको योजना र रणनीति तयार पारिएको हो।

"रणनीतिमा राखिएका विषयहरू निकै महत्वकाङ्क्षी छन्। न्यूनतम र अधिकतम कतिसम्म लगानी भित्र्याउन सकिन्छ भनेर लक्ष्य तोकिएको छ। लगानीका लागि राम्रो वातावरण हुने, जनशक्ति व्यवस्थापन हुने र आवश्यक कानुनहरू बन्यो भने त्यति लगानी गर्न सकिन्छ भन्ने हाम्रो अनुमान हो", प्रवक्ता उपाध्यायले भन्नुभयो। बोर्डको संस्थागत संरचना परिवर्तन, सङ्गठन सुदृढीकरण र जनशक्ति व्यवस्थापनका लागि यो दस्तावेज महत्वपूर्ण रहेको उहाँको भनाइ छ।

बोर्डको उक्त रणनीतिक तथा व्यावसायिक योजनाअनुसार आर्थिक वर्ष २०८५/८६ सम्ममा आठ अर्ब ९५ करोड अमेरिकी डलर बराबरका ११ वटा परियोजना निर्माणसम्पन्न गरिसक्ने लक्ष्य राखिएको छ। तर, लक्ष्यअनुसार सबै ११ वटा परियोजना सम्पन्न हुन नसकेको खण्डमा पनि कम्तीमा चार अर्ब सात करोड अमेरिकी डलरका पाँचवटा परियोजनाहरू सञ्चालनमा ल्याइसक्ने लक्ष्य छ।

त्यस्तै, आर्थिक वर्ष २०८५/८६ सम्ममा कम्तीमा दुई अर्ब ८३ करोड अमेरिकी डलर बराबर लागतका सातवटा परियोजनाहरू निर्माणको चरणमा पुगिसक्नेछन्। यो अवधिसम्ममा अधिकतम पाँच अर्ब ५५ करोड अमेरिकी डलरका १४ वटा निर्माणको अन्तिम चरणसम्म पुऱ्याउन सकिने लक्ष्य बोर्डको छ। आगामी चार वर्षमा अधिकतम २४ अर्ब ३० करोड अमेरिकी डलर बराबरका कुल ५७ वटा परियोजना 'पाइपलाइन'मा राखी सम्भाव्यता अध्ययन गर्न प्रस्ताव गरिएका छन्।

त्यस्तै, २३ अर्ब ५० करोड अमेरिकी डलरका ५२ वटा परियोजनाहरू खरिदको चरणमा पुऱ्याइनेछ। बोर्डका अनुसार यो अवधिसम्ममा १७ अर्ब ९५ करोड अमेरिकी डलर बराबरका ४२ वटा र परियोजनाहरू परियोजना विकास सम्झौता (पिडिए) तथा परियोजना कार्यान्वयन सम्झौता (पिआइए) वार्ताको चरणमा हुनेछन्।

साथै, १५ अर्ब ७० करोड अमेरिकी डलर लागतका ३२ वटा परियोजनाहरू वित्तीय व्यवस्थापन

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'डिजिटल' नेपालको निर्माणको अभियानमा सूचना सञ्चार प्रविधिको उपयोग

**पृथ्वी सुब्बा गुरुङ**
सञ्चार तथा सूचना प्रविधिमन्त्री

काठमाडौँ, १९ वैशाख (रासस)।
नेपाल सरकारले हरेक वर्ष मे २ लाई राष्ट्रिय सूचना सञ्चार प्रविधि दिवसका रूपमा मनाउँदै आइरहेको छ। यसवर्ष राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसको आठौँ संस्करण 'सूचना प्रविधिको अभियान : डिजिटल नेपालको निर्माण' भन्ने नाराका साथ मनाइँदैछ। इन्टरनेटको विश्वव्यापी सञ्जाल र बढ्दो पहुँच, आर्टिफिसियल इन्टेलिजेन्स लगायतका नवीनतम् प्रविधिको तीव्र विकास, सार्वजनिक सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको क्रमिक रूपमा व्यापक प्रयोग आदिले पनि यस क्षेत्रको महत्व दर्साउँछ। कृषि, उद्योग र सेवा क्षेत्रमा नवप्रवर्द्धन, कृषिको आधुनिकीकरण तथा व्यावसायीकरण, बजार पहुँचलाई सहज बनाउन डिजिटल माध्यम प्रभावकारी हुनसक्छ। दिगो विकास लक्ष्यहरू हासिल गर्न पनि डिजिटल पूर्वाधारमा जोड दिनुपर्ने हुन्छ।

सूचना प्रविधि क्षेत्रमा पछिल्लो समयमा भएको विकास र विस्तारसँगै नेपालमा पनि यसको प्रयोगमा उल्लेख्य रूपमा बढोत्तरी भएको छ। मुलुक डिजिटल प्रविधिको युगमा प्रवेश गरिसकेका सन्दर्भमा यसको अधिकतम् उपयोग गरी 'समृद्ध नेपाल र सुखी नेपाली'को लक्ष्य हासिल गर्ने बाटोमा हामी लागेका छौँ। सूचना तथा सञ्चार प्रविधिलाई विश्वव्यापी रूपमा नै सामाजिक-आर्थिक विकासको प्रमुख आधार र उत्प्रेरकका रूपमा लिइएको छ। हामीले पनि सूचना प्रविधिलाई समृद्धिमा जोड्न विभिन्न नीतिगत व्यवस्थामा जोड दिएका छौँ। यसले सुशासन, उत्पादकत्व र रोजगारी सिर्जनामा सहयोग पुग्न गई डिजिटल अर्थतन्त्रलाई बलियो बनाउन मद्दत पुग्दछ। डिजिटल पूर्वाधार निर्माण गर्ने लक्ष्यका साथ डिजिटल नेपाल संरचनाको प्रभावकारी कार्यान्वयन भइरहेको छ।

सरकारले डिजिटल नेपाल बनाउन सातै प्रदेश तथा ७५३ वटै स्थानीय तहमा सम्पूर्ण रूपमा डिजिटलाइजेशन गर्ने योजना बनाएको छ। नेपाल सरकारका सबै मन्त्रालयहरू र मन्त्रालय मातहतका निकाय, आयोग र विभिन्न संस्था पनि डिजिटलमा लैजाने काम भइरहेको छ। देशभर दूरसञ्चार सेवाको पहुँच पुगेको छ। सबै स्थानीय तह र वडा केन्द्रसम्म यसै वर्षको अन्त्यसम्ममा दिगो ब्रोडव्याण्ड इन्टरनेट सेवाको पहुँच पुर्‍याई त्यहाँबाट विद्युतीय सुशासन (इ-गभर्नेंस) को अभ्यास थालनी हुँदैछ। सातै प्रदेशमा डाटा सेन्टर राख्ने तयारी सरकारको छ। इ-गभर्नेंसले भ्रष्टाचार नियन्त्रण, जनतालाई छिटोछरितो सेवा प्रदान, राजस्व वृद्धि तथा सरकारी खर्च घटाउन सहयोग पुग्दछ। देशका कुना कन्दरासम्म 'फोर जी' सेवाको व्यापक विस्तार गर्नुका साथै काठमाडौँ र सातै प्रदेशका मुख्य सहरहरूमा यसै वर्षको अन्त्यसम्ममा 'फाइभ जी' प्रविधिमा आधारित सेवा विस्तार गर्न आवश्यक प्रक्रिया अगाडि बढिरहेको छ।

नेपालमा पनि सूचना तथा सञ्चार प्रविधिको महत्वलाई आत्मसात् गर्दै सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०५९ सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ अवलम्बन गरिएको छ। नेपाल सरकारले 'डिजिटल नेपाल फ्रेमवर्क' २०७६ मार्फत आठ क्षेत्र ८० डिजिटल कार्यक्रम अवलम्बन गर्दै सामाजिक तथा आर्थिक विकासलाई सूचना तथा सञ्चार प्रविधिमार्फत थप गतिशील बनाउने उद्देश्य लिएको छ। यसरी पहिचान गरिएका आठ क्षेत्रमा डिजिटल पूर्वाधार, कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा, पर्यटन, वित्त क्षेत्र तथा सहरी पूर्वाधार छन् भने यी क्षेत्रको विकासका लागि ८० विभिन्न कार्यक्रमसमेत पहिचान गरिएका छन्। यस फ्रेमवर्कलाई पुनरावलोकन गरी थप प्रभावकारी कार्ययोजना तयारी पारी कार्यान्वयन गर्ने एवं सुरक्षित एवं सहज डिजिटल वातावरण सुनिश्चित गरी आवश्यक कानून र संरचना सुधार गर्न सरकार तयार छ। डिजिटल नेपाल फ्रेमवर्कका अतिरिक्त नेपाल सरकारले सूचना तथा सञ्चार प्रविधि क्षेत्रलाई आफ्नो आवधिक तथा वार्षिक नीति तथा कार्यक्रममा समेत प्राथमिकतामा राखेको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नेपालको समग्र सूचना प्रविधि विकासका लागि घोषित सूचना प्रविधिलाई समेटेर २५ वर्षे दीर्घकालीन रणनीतिसहितको दस्तावेज तयार गरी सूचना तथा सञ्चार प्रविधि विकास मार्गचित्र २०२५ तयार गर्ने योजना रहेको छ।

सूचना तथा सञ्चार प्रविधि नेपालको समृद्धिको आधार बनाउन सकिने थुप्रै सम्भावनाहरू छन्। हाल कार्यान्वयनमा रहेको १६औँ योजनामा उत्पादकत्व बढाउन सूचना सञ्चार प्रविधिको विकासमा जोड दिएको छ। सार्वजनिक सेवा प्रवाहमासमेत विद्युतीय प्रणालीको प्रयोग बढ्दो क्रममा रहेको छ। डिजिटल भुक्तानीको विकास र उपयोगमा तीव्रता आएको छ। सरकारले सार्वजनिक सेवा प्रविधिको प्रयोगलाई प्राथमिकता दिएसँगै विस्तारै सार्वजनिक सेवामा विद्युतीय प्रणालीको प्रयोगमा बढोत्तरी भएको छ। हरेकजसो सार्वजनिक निकायले कुनै न कुनै विद्युतीय प्रणालीको प्रयोग गरी सेवा प्रवाह गरिरहेका छन्। कागजरहित सार्वजनिक सेवा प्रवाह प्रवर्द्धन गर्न एकीकृत विद्युतीय प्रणालीलाई कार्यान्वयनमा ल्याइएको छ।

नागरिकलाई आवश्यक सेवा एकीकृत रूपमा उपलब्ध गराउने उद्देश्यका साथ विकास गरिएको नागरिक एपलाई थप सवलीकरण र आधुनिकीकरण गर्दै जाने क्रममा ३५ सरकारी निकायका ६५ भन्दाबढी सेवाहरू आबद्ध गरिसकिएको छ। सबै मन्त्रालयअन्तर्गतका उच्च प्राथमिकताका १०० भन्दाबढी सेवाहरू यसै वर्षभित्र नागरिक एपमा आबद्ध गर्ने योजनाका साथ कार्य अगाडि बढिरहेको छ।

संसारभर कृत्रिम बुद्धिमत्ताको प्रयोग तीव्रगतिमा बढिरहेका सन्दर्भमा नेपालले पनि यस क्षेत्रमा महत्वपूर्ण कदम चालेको छ। सरकारले एआइका क्षेत्रमा जनशक्ति विकास, अध्ययन, अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलताको विकास गर्ने र एआइको प्रयोगमार्फत क्षेत्रगत विकास र सार्वजनिक सेवाको गुणस्तरमा सुधार गर्ने उद्देश्यसहित राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति २०८१ निर्माण कार्य सम्पन्न हुने चरणमा छ। यस नीतिका लक्ष्य तथा उद्देश्य पूरा गर्न एआई सेन्टर स्थापना गर्ने र समग्र सञ्चार तथा सूचना प्रविधि क्षेत्रका नीतिलाई एकीकृत गरी एकीकृत डिजिटल नीति तयार गर्ने लक्ष्यसमेत मन्त्रालयको रहेको छ। एआई प्रविधिको उपयोग, डिजिटल साक्षरताको अभिवृद्धि, साइबर सुरक्षाको सवलीकरण र नागरिक एपको प्रभावकारी प्रयोगमा लक्षित कार्यक्रम सञ्चालन गर्ने लक्ष्य मन्त्रालयको रहेको छ।

सरकारी डाटा सेन्टरको स्तरोन्नति र आधुनिकीकरण गर्ने, निजी क्षेत्रमा डाटा सेन्टरको सञ्चालनसम्बन्धी निर्देशिका तयार गर्ने, डिजास्टर रिकभरी सेन्टर स्थापना र प्रभावकारी सञ्चालनका लागि आवश्यक नीतिगत तथा संस्थागत प्रबन्ध गरी सवलीकरण र आधुनिकीकरण गर्ने कार्य सुरु गरिएको छ। नेपालको आफ्नै भू-उपग्रह स्थापना गर्ने आवश्यक तयारी प्रक्रिया सुरु गरिसकिएको छ भने केन्द्र र सातै प्रदेशमा सूचना प्रविधि हब र ज्ञान पार्क स्थापना गर्ने र सयौँ आइटी कम्पनीमा लाखौँको सङ्ख्यामा जनशक्तिले कार्य गर्ने वातावरण तयार गर्ने सम्बन्धमा आवश्यक गृहकार्य अगाडि बढिरहेको छ।

सूचना प्रविधि र सञ्चारलाई समृद्ध नेपालको आधार बनाउन सबै वर्ग, क्षेत्र, लिङ्ग, भाषा र उमेर समूहका नेपालीलाई डिजिटल विकासमा जोड्ने, इन्टरनेटको अर्थपूर्ण पहुँच सुनिश्चित गर्ने, इन्टरनेटलाई स्वास्थ्य, शिक्षा, सार्वजनिक सेवा प्रवाह, उत्पादकत्वमा वृद्धि र रोजगारी सिर्जनामा जोड दिइएको छ।

सूचना प्रविधिको विकास, विस्तार र सुरक्षित प्रयोगलाई सुनिश्चित गर्न आवश्यक नीतिगत र कानुनी व्यवस्था हुन आवश्यक छ। प्रविधि र प्रणालीको सुरक्षित जवाफदेही प्रयोग एवं डिजिटल इकोसिस्टम निर्माणका लागि आवश्यक नीति र कानुन निर्माणलाई तीव्रता दिइएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतका निकायहरूको पुनःसंरचना गरी समग्र क्षेत्रकै रुपान्तरण गर्ने प्रक्रियाअनुसार पुराना नीति, ऐन कानुनहरूको परिमार्जन गरी संरचनात्मक सुधारमा जोड दिइएको छ।

सूचना प्रविधिका लागि अपरिहार्य सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक संसदमा पुर्‍याएको छ। सूचना प्रविधिका लागि अपरिहार्य सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक संसद्मा दर्ता हुने क्रममा रहेको छ। राष्ट्रिय सुरक्षाको एक भागका रूपमा रहेको साइबर सुरक्षाका विषयलाई गम्भीरतापूर्वक लिइ आवश्यक पूर्वाधार, नीतिनियम, संरचना, क्षमता विस्तार, आवधिक सुरक्षा परीक्षण आदि अवलम्बन गरी डिजिटल प्रणालीको सुरक्षा विश्वसनीयता कायम गर्न राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गर्नुका साथै राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० कार्यान्वयनमा छ। साइबर सुरक्षाको जोखिम पहिचान, प्रतिकार्य र अनुगमन गर्न राष्ट्रिय साइबर समसामयिक परिमार्जनको कार्य सम्पन्न हुने चरणमा रहेको छ। (आठौँ राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसका अवसरमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङसँग गरिएको कुराकानीमा आधारित)

---

## लगानी बोर्डको...

र पूर्व-विकास गतिविधि सञ्चालनको अवस्थासम्म लगिने व्यवसायिक रणनीतिमा उल्लेख छ। निजी क्षेत्र र अन्य निकायले कार्यान्वयन गर्ने परियोजनाको अवस्था हेर्दा आगामी चार वर्षभित्रमा निजी लगानीका अधिकतम ६७ वटा परियोजनाको लागि सात अर्ब ४५ करोड अमेरिकी डलर र अन्य निकायबाट कार्यान्वयन हुने २५ वटा परियोजनाका लागि तीन अर्ब १५ करोड अमेरिकी डलर बराबरको लगानी स्वीकृती बोर्डले दिइसक्नेछ।

लगानीको यो योजना कार्यान्वयनका लागि आवश्यक पर्ने विभिन्न निर्देशनालयसहितको सङ्गठन संरचनाको खाका पनि बोर्डले तयार पारेको छ। जसअन्तर्गत योजना प्रशासन तथा वित्तीय व्यवस्थापन निर्देशनालय, सार्वजनिक-निजी साझेदारी निर्देशनालय, लगानी प्रवर्द्धन तथा सहजीकरण निर्देशनालय र आयोजना विकास तथा व्यवस्थापन निर्देशनालय राखिएको छ।

यी सबै निर्देशनालयमा कम्तीमा सहसचिवस्तरको कर्मचारी आवश्यक पर्ने रणनीतिमा उल्लेख छ। लगानी बोर्डको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने निर्णय पनि बोर्डले गरेको छ। यसरी महत्वाकाङ्क्षी लक्ष्यसहित बोर्डले आफ्नो रणनीतिक योजना स्वीकृत गर्दैगर्दा विगत डेढ दशकमा भएका उपलब्धि भने कमजोर छन्।

बोर्डले आफ्नो स्थापनाकालदेखि अहिलेसम्म विभिन्न ३८ वटा परियोजनाका लागि रु १२ खर्ब बराबरको मात्रै लगानी स्वीकृत गरेको छ। स्वीकृत भएको लगानी र वास्तविक प्राप्तिको खाडल हेर्ने हो भने पनि निकै ठूलो छ।

लगानी बोर्डको कार्यालयमा एकल विन्दु सेवा केन्द्र स्थापना भए तापनि सोको प्रभावकारी सञ्चालन हुन सकेको छैन। एकल विन्दु सेवा केन्द्रमा पर्याप्त जनशक्ति छैन भने बोर्डबाट भएका निर्णयहरूको कार्यान्वयनमा ढिलासुस्ती र आनाकानी गरिरहेको छ। लगानी बोर्डको छुट्टै कोष स्थापना गर्ने भनिए पनि १२ वर्षसम्म हुन सकेको छैन। त्यस्तै, जग्गा अधिग्रहण कोष, सम्भाव्य न्यूनता परिपूरक कोषलगायतका कोषहरूको स्थापना हुन सकेको देखिँदैन। विज्ञ र कर्मचारी व्यवस्थापनका लागि दातृ निकायमाथि भरपर्नु पर्ने स्थिति छ।

---

# विश्व समाचार

## विश्व युद्धको वार्षिकोत्सवको नाम परिवर्तन गरी 'विजय दिवस' राख्ने ट्रम्पको घोषणा

वासिङटन, १९ वैशाख (रासस/एएफपी)।
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार देशको नामकरण परिवर्तन गर्ने आफ्नो पछिल्लो प्रयासमा मे ८ र नोभेम्बर ११ दुवैको नाम 'विजय दिवस' राख्ने इच्छा व्यक्त गर्नुभएको छ।

"म मे ८ लाई दोस्रो विश्वयुद्धको विजय दिवस र नोभेम्बर ११ लाई पहिलो विश्वयुद्धको विजय दिवसका रूपमा पुनः नामकरण गर्दैछु", उहाँले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेख्नुभएको छ।

मे ८ मा युरोपेली सङ्घद्वारा र मे ९ मा पूर्व सोभियत देशहरूमा मनाइने विजय दिवसले जर्मनीको बिना शर्त आत्मसमर्पणको औपचारिक स्वीकृतिको वार्षिकोत्सवलाई चिह्नित गर्दछ।

हिरोसिमा र नागासाकीमा आणविक बम विस्फोटपछि सन् १९४५ सेप्टेम्बरको सुरुमा जापानले आत्मसमर्पण नगरेसम्म एसियामा युद्ध जारी रहेको थियो।

यद्यपि संयुक्त राज्य अमेरिकामा केहीले यो अवसर मनाउँछन्। मे ८ सार्वजनिक बिदा होइन वा युरोपमा जस्तै व्यापक रूपमा मनाइँदैन।

"हाम्रा धेरै सहयोगी र साथीहरूले मे ८ लाई विजय दिवसका रूपमा मनाउँदैछन्, तर हामीले दोस्रो विश्वयुद्धमा विजयी परिणाम ल्याउन अन्य कुनै पनि देशभन्दा धेरै गरेका छौँ", ट्रम्पको पोस्टमा भनिएको छ।

नोभेम्बर ११ लाई मूल रूपमा पूर्व अमेरिकी राष्ट्रपति वुड्रो विल्सनले पहिलो विश्वयुद्धमा सशस्त्र द्वन्द्वको अन्त्य गर्ने सन् १९१८ को युद्धविरामको वार्षिकोत्सव मनाउन 'युद्धविराम दिवस' (आर्मीस्टिस डे) नाम दिनुभएको थियो। यो अब संयुक्त राज्य अमेरिकामा 'भेटेरन्स डे' का रूपमा मनाइने सार्वजनिक बिदा हो र यसले अमेरिकी सशस्त्र सेनामा सेवा गरेका अमेरिकीहरूलाई सम्मान गर्ने उद्देश्य राख्दछ।

"हामीले दुवै युद्धहरू जितेका थियौँ, शक्ति, बहादुरी, वा सैन्य प्रतिभाको सन्दर्भमा कोही पनि हाम्रो नजिक थिएन, तर हामीले कहिले पनि केही उत्सव मनाउँदैनौँ-त्यो किनभने हामीसँग अब नेताहरू छैनन्, जसले कसरी गर्ने भनेर जान्दछन्!" ट्रम्प भन्नुभयो, "हामी फेरि आफ्नो विजयको उत्सव मनाउन थालिरहेका छौँ!"

दोस्रो विश्व युद्धमा सोभियत सङ्घ नाजी जर्मनीविरुद्ध बेलायत र संयुक्त राज्य अमेरिकासँग मित्र राष्ट्र थियो। सोभियत सङ्घमा रूस १५ गणराज्यमध्ये सबैभन्दा ठूलो थियो। सोभियत सङ्घले युद्धमा सबैभन्दा धेरै हताहत भोगेको थियो। सोभियत सङ्घमा दुई करोडभन्दा बढी मारिएका थिए। ह्वाइट हाउसले अहिलेसम्म छुट्टीको नाम परिवर्तन गर्ने कुनै कार्यकारी आदेश वा घोषणा औपचारिक रूपमा जारी गरेको छैन।

आफ्नो दोस्रो कार्यकालमा ट्रम्पले बारम्बार अमेरिकी सार्वजनिक जीवनका केही भागको नाम परिवर्तन गर्न खोज्नुभएको छ, चाहे त्यो राष्ट्रिय बिदा होस्- जस्तै 'इन्डिजिनस पिपल्स डे' लाई 'कोलम्बस दिवस' मा परिवर्तन गर्ने- वा भौगोलिक विशेषता, जस्तै 'गल्फ अफ मेक्सिको' लाई 'गल्फ अफ अमेरिका' का रूपमा पुनः नामकरण गर्ने।

## विश्व स्वास्थ्य संगठनद्वारा गाजामा विनाशकारी अवस्थाको चेतावनी

जेनेभा, १९ वैशाख (रासस/क्युएनए)।
विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का महानिर्देशक टेड्रोस अधोनम गेब्रेयससले गाजाको अवस्था विनाशकारी रहेको र २० लाख मानिस भोकमरीको सामना गरिरहेको बताउनुभएको छ।

शुक्रबार जेनेभामा पत्रकार सम्मेलनमा बोल्दै गेब्रेयससले डब्लुएचओले अभूतपूर्व कोष चुनौतीहरूको सामना गरिरहेको उल्लेख गर्नुभयो। उहाँका अनुसार दाता देशहरूले उनीहरूको योगदान घटाउँदै गर्दा डब्लुएचओको वित्तपोषणको इतिहासमा सबैभन्दा गम्भीर अवरोध भएको छ।

यसैबीच डब्लुएचओको स्वास्थ्य आपत्कालीन कार्यक्रमका कार्यकारी निर्देशक माइकल रायनले गाजाका बालबालिकाहरूको दिमाग र शारीरिक अवस्था बिथोलिएको चेतावनी दिनुभएको छ। रायनका अनुसार गाजाका बालबालिकाहरूको शरीर र दिमाग बिथोलिएको छ, उनीहरू भोकै छन्।

उहाँले अन्तर्राष्ट्रिय समुदायलाई कारबाही गर्न आग्रह गर्दै र यो अवस्था असहनीय रहेको जोड दिँदै अवस्था असहनीय रहेको बताउनुभयो।

कुपोषणको हालको स्तरले प्रतिरक्षा प्रणालीलाई बिगार्दै गएको उहाँको भनाइ थियो। उहाँले महिला र बालबालिकामा निमोनिया र मेनिन्जाइटिसका मामिलामा वृद्धि भएको पनि औँल्याउनुभयो।

## भारतसँग तनाव बढ्दै जाँदा खाद्यान्न भण्डारण गर्न पाकिस्तानी काश्मीरको आदेश

मुजफ्फराबाद (पाकिस्तान), १९ वैशाख (रासस/एएफपी)।
गत महिना भएको घातक आक्रमणपछि कट्टर प्रतिद्वन्द्वीहरूबीच तनाव बढेपछि पाकिस्तान प्रशासित काश्मीरले यस क्षेत्रको भारतीय पक्षसँगको वास्तविक सीमा नजिकका बासिन्दाहरूलाई शुक्रबार खाना भण्डारण गर्न आह्वान गरेको छ।

भारतले अप्रिल २२ मा भारत प्रशासित कश्मीरको पहलगामको पर्यटन स्थलमा सर्वसाधारणमाथि बन्दुकधारीहरूले गरेको आक्रमणका लागि पाकिस्तानलाई दोष दिएको छ। उक्त आक्रमणमा २६ जनाको मृत्यु भएको थियो। इस्लामाबादले उक्त आरोप अस्वीकार गरेको छ।

"नियन्त्रण रेखा (एलओसी) का १३ वटा निर्वाचन क्षेत्रमा दुई महिनाका लागि खाद्यान्न आपूर्ति भण्डारण गर्न निर्देशन जारी गरिएको छ", पाकिस्तान प्रशासित काश्मीरका प्रधानमन्त्री चौधरी अनवर उल हकले शुक्रबार स्थानीय सभामा भन्नुभयो।

क्षेत्रीय सरकारले १३ वटा निर्वाचन क्षेत्रमा खाद्यान्न, औषधि र अन्य सबै आधारभूत आवश्यकताहरूको आपूर्ति सुनिश्चित गर्न एक अर्ब रुपैयाँ (३५ लाख डलर) को आपत्कालीन कोष पनि सिर्जना गरेको उहाँले बताउनुभयो। एलओसीका छेउछाउका क्षेत्रमा सडक मर्मत सम्भारका लागि सरकारी र निजी स्वामित्वको मेसिनरी पनि तैनाथ गरिएको उहाँले जानकारी दिनुभयो।

# राष्ट्रपतिबाट नीति तथा कार्यक्रम प्रस्तुत

काठमाडौँ, १९ वैशाख (रासस)।

राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम सङ्घीय संसद्‌को दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत गर्नुभएको छ। नयाँ बानेश्वरस्थित सङ्घीय संसद् भवनमा बसेको प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकमा अहिले राष्ट्रपति पौडेलले नीति तथा कार्यक्रम वाचन गरिरहनुभएको छ।

राष्ट्रपति पौडेललाई प्रधानमन्त्री केपी शर्मा ओलीले नीति तथा कार्यक्रमको सम्बोधनको प्रति हस्तान्तरण गर्नुभएको थियो। यसअघि राष्ट्रपतिलाई सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल र सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेले स्वागत गर्नुभएको थियो।

राष्ट्रपति पौडेललाई संसद् भवन गेटदेखि नेपाली सेनाको 'रिसल्ला'सहितको राजकीय सम्मानको प्रदान गरिएको थियो। नेपाली सेनाका परमाधिपतिसमेत रहनुभएका राष्ट्रपति पौडेलको सम्मानमा सेनाको एक टुकडीले सम्मान गारत अर्पण गरेको थियो। बैठकमा उपराष्ट्रपति, पूर्वप्रधानमन्त्रीहरू, पूर्वसभामुखहरू, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी, कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधि, निजी क्षेत्रका प्रतिनिधिलगायतको सहभागिता छ। संयुक्त बैठकको नेपाल टेलिभिजन, रेडियो नेपाललगायत विभिन्न सञ्चामाध्यमले प्रत्यक्ष प्रसारण गरेका छन्।

शुक्रबार संसद् भवन परिसर राष्ट्रिय झण्डासहितका ध्वजापताकाले सिङ्गारिएको छ। भवन परिसरमा रहेको 'वाटर फाउन्टेन'बाट आमन्त्रित पाहुनाको स्वागत गरिएको छ। सचिवालयले विशेष प्रवेश पाससहित ४०० भन्दा बढी अतिथिलाई नीति तथा कार्यक्रम प्रस्तुत समारोहमा निमन्त्रणा गरेको छ।

नेपालको संविधानको धारा ९५ बमोजिम राष्ट्रपतिले सङ्घीय संसद्‌को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने व्यवस्था छ। सचिवालयले यही वैशाख २२ देखि २८ गतेसम्म सरकारको नीति तथा कार्यक्रममाथि छलफल गरी पारित गर्ने कार्यसूची यसअघि नै तय गरिसकेको छ।

यही वैशाख ३० गते विनियोजन विधेयकमाथिको सिद्धान्त र प्राथमिकता सम्बन्धमा छलफल प्रारम्भ हुनेछ। नेपालको संविधानअनुसार प्रत्येक वर्ष जेठ १५ गते सरकारको आगामी आर्थिक वर्षको बजेट सङ्घीय संसद्‌को संयुक्त बैठकमा अर्थमन्त्रीले प्रस्तुत गर्ने व्यवस्था छ।

# कक्षा १२ को परीक्षा निधारित समयमा हुन्छ, गलत हल्लाका पछाडि नलागौं : बोर्ड

काठमाडौँ, १९ वैशाख (रासस)।

राष्ट्रिय परीक्षा बोर्डले माध्यामिक शिक्षा उर्त्तीण परीक्षा यही वैशाख २१ देखि आगामी जेठ २ गतेसम्म नियमित रूपमा सञ्चालन हुने स्पष्ट पारेको छ।

परीक्षाका सन्दर्भमा अनधिकृत तवरले विभिन्न सामाजिक सञ्जालमा बोर्डको लोगो प्रयोग गरी प्रचार भएकामा आपत्ति प्रकट गर्दै भ्रामक सूचनाका पछाडि नलाग्न आग्रह गरिएको छ। यसअघि बोर्डले कक्षा १२ को परीक्षा यही वैशाख ११ गतेदेखि गर्ने समयतालिका निर्धारण गरेको थियोछनरु। नेपाल शिक्षक महासङ्घ आन्दोलनमा रहेका कारण परीक्षाको मिति सारिएको थियो।

पछिल्लोपटक महासङ्घसँग सहमति भएकाले अब भने निधारित परीक्षा केन्द्रहरूमा परीक्षा सञ्चालन हुने बोर्डले जनाएको छ। बोर्डले आफ्नो कुनै फेसबुक पेज नभएको र आधिकारिक सूचना वेबसाइटमार्फत सार्वजनिक हुने स्पष्ट पारेको छ।

बोर्डले परीक्षाका बाँकी सबै काम पूरा गरेर तोकिएको मितिमा मर्यादित तवरले सम्पन्न गराउन सबै केन्द्राध्यक्ष, शिक्षक, कर्मचारी एवं सुरक्षा निकाय, अभिभावक, सञ्चारकर्मी र सम्पूर्ण सरोकारवालालाई एक सूचनामार्फत आग्रह गरेको छ।

# सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा लगानी बढाउन प्रधानमन्त्रीको आग्रह

काठमाडौँ, १९ वैशाख (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा सडक, विद्युत्‌लगायत पूर्वाधारको विकास भएकाले सूचना तथा प्रविधिको क्षेत्रमा लगानी गर्न वैदेशिक लगानीकर्तालाई आग्रह गर्नुभएको छ।

राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०८२ का अवसरमा शुक्रबार सूचना तथा सञ्चार प्रविधि मन्त्रालयद्वारा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले नेपाललाई आधुनिक र प्रविधिमय बनाउन हरेक दिन एक पाइला अगाडि भन्ने सोचका साथ काम गर्न आग्रह गर्नुभयो। उहाँले मुलुकको सुशासन, विकास र सहज सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको अधिकारलाई विस्तार गर्दै थप उपलब्धि हासिल गर्नुपर्ने बताउनुभयो।

"हाम्रो मुलुक उर्वर र जीवनमय छ। यहाँ लगानीको प्रचुर सम्भावना छ। हामी हाम्रै पालामा केही गर्न सक्छौं भन्ने आत्मविशवासका साथ काम गरौं। हाम्रो यात्रा अग्रगामी कदमतर्फ अवश्य बढ्नेछ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "शिक्षालगायत हरेक क्षेत्रमा सूचना र प्रविधिको प्रयोग बढ्दै गएको छ। एसइईमा ५२ प्रतिशत विद्यार्थी अनुत्तीर्ण हुने अवस्था अन्त्यका लागि व्यक्तिगत पहलमा पनि गत वर्षदेखि 'अनलाइन' माध्यमबाट महत्वपूर्ण विषयमा कक्षा सञ्चालन गरियो। विद्यार्थीहरूको भविष्य अन्धकारमा पार्नु हुन्न भनेर गरिएका यस्ता कामलाई प्रोत्साहन गर्नुपर्छ।"

प्रधानमन्त्री ओलीले अब हामीले आफ्नै सुरक्षासहितको 'डेटा' प्रणाली कायम गर्नुपर्नेमा जोड दिँदै व्यवस्था परिवर्तनपछि अवस्थामा परिवर्तन भएन भन्नेका लागि सूचना प्रविधिको विकास आफैँमा जवाफ भएको टिप्पणी गर्नुभयो।

"एक लाइन टेलिफोन पाउन मन्त्रीको तोक लगाउनुपर्ने अवस्थाबाट हामी धेरै अघि बढिसकेका छौं। अन्तरिक्षमा पनि आफ्नै 'स्याटेलाइट' पठाउने प्रयास सुरु भएको छ। यस क्षेत्रमा नयाँ पुस्ताका हस्ती तयार भइसकेका छन्," उहाँले भन्नुभयो, "हामी आत्मविश्वासका साथ अघि बढौं। सूचना प्रविधिका क्षेत्रमा थप दक्ष जनशक्ति उत्पादन र तालिममा जोड दिँदै जानेछौं। अब मुलुकको समृद्धिका लागि कुनाकुनाका जनजनमा विकास र सुशासनका लागि सूचना तथा सञ्चार प्रविधिको विस्तार र प्रयोगमा जानुपर्छ। सूचना र प्रविधिको दुरुपयोग गरेर व्यक्तिको हुर्मत लिने प्रवृत्तिबाट चाहिँ सचेत हुनुपर्छ।"

कार्यक्रममा प्रधानमन्त्री ओलीले बागमती प्रदेश सरकारको सवारी चालक अनुमतिपत्र (लाइसेन्स) र सवारीधनी प्रमाणपत्र (ब्ल्यू बुक)लाई नागरिक एपमा आबद्ध गर्ने कार्यको शुभारम्भ गर्नुभयो। सो अवसरमा राष्ट्रिय सूचना प्रविधि अवार्डबाट प्राडा शशीधर राम जोशीसहित विभिन्न व्यक्ति तथा संस्थालाई पुरस्कृत गरिएको थियो।

# सहकारी क्षेत्रको सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि सफ्टवेयर प्रयोगमा जोड

धनुषा, १९ वैशाख (रासस)।

सूचना प्रविधिको अधिकतम सदुपयोग गरी सहकारी संस्थामा सुशासनसहित तिनलाई पारदर्शी र जवाफदेही बनाउनुपर्ने खाँचो औंल्याएको छ।

सहकारी संस्थामा सफ्टवेयर प्रयोगसम्बन्धी यहाँ आयोजित एकदिने अन्तरक्रिया कार्यक्रममा सहभागी वक्ताहरूले सूचना प्रविधिमा आधारित सफ्टवेयर जडान गरी सहकारीका गतिविधिलाई पारदर्शी, विश्वसनीय र जवाफदेही बनाउनुपर्ने बताउनुभयो।

सो अवसरमा सहकारी विज्ञ किरण पौडेलले सहकारी ऐन, नियम तथा राष्ट्र बैंकको निर्देशन पालना गर्नुपर्ने, सहकारी रजिष्ट्रारको कार्यालयद्वारा स्वीकृत प्रतिवेदन सङ्कलन, सहकारी कामकाजसँग सम्बन्धित 'डाटा डाउनलोड तथा अपलोड' गर्नेलगायत कानुनी, नीतिगत, व्यावहारिक, आर्थिक तथा प्राविधिक विषयमा जानकारी गराउनुभयो।

राष्ट्रिय सहकारी महासङ्घका सञ्चालक नथुनी यादवले राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको 'सहकारी'प्रति नकारात्मक टीकाटिप्पणी भइरहको विद्यमान अवस्थामा सुशासन र पारदर्शीतामा जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो।

ऋण सहकारी संस्थाका अध्यक्ष रामनगिना राउत, सहकारी रजिष्ट्रार कार्यालयका वासुदेव भट्ट, विनोद थापालगायतका सहकारी सम्बद्ध अधिकारीहरूले सहकारी संस्थाका विद्यमान अवस्था, आसन्न चुनौती, नाफा, नोक्सानलगायत विषयमा धारणा व्यक्त गर्नुभएको थियो। उहाँहरूले तेस्रो मुलुकबाट नेपाल भित्रिने रकम सहकारीमार्फत पनि ल्याउन सकिने व्यवस्था गर्न सम्बद्ध पक्षको ध्यानाकर्षण गर्नुभयो। अन्तरक्रिया कार्यक्रममा मधेस प्रदेशअन्तर्गतका सहकारी सम्बद्ध संस्था तथा निकायका १०० भन्दाबढी व्यक्तिको सहभागिता थियो।

# सहकारी नियमन प्राधिकरणमा कोष खडा गरी सहकारीपीडितको रकम फिर्ता गरिने

काठमाडौँ, १९ वैशाख (रासस)।

सरकारले राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा कोष खडा गरी समस्याग्रस्त सहकारीका बचतकर्ताको पैसा फिर्ता गर्ने भएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्‌को संयुक्त बैठकमा शुक्रबार प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८२/२०८३ को नीति तथा कार्यक्रममा समस्याग्रस्त सहकारीका थोरै रकम भएका बचतकर्ताको रकम फिर्ता गर्न यस्तो नीति लिइएको उल्लेख छ। सहकारी नीतिको पुनरावलोकन गरी नयाँ नीति जारी गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

यस्तै, सहकारीको तथ्याङ्क व्यवस्थित गर्न सरकारले विद्युतीय सूचना प्रणाली स्थापना गर्ने उल्लेख गरिएको छ। सहकारीको यकिन तथ्याङ्क नहुँदा समस्या समाधानमा असहज भइरहेको थियो।

सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा पनि समस्याग्रस्त सहकारीमा रु पाँच लाखभन्दा थोरै बचत भएका पीडितलाई बचत फिर्ता गर्ने भनी उल्लेख गरिए पनि हालसम्म फिर्ता हुन नसकेको भनी सहकारीपीडितले आन्दोलन गरिरहेका छन्।

# 'डेडिकेटेड' तथा 'ट्रङ्कलाइन' महसुलको बक्यौता असुल गरिने

काठमाडौँ, १९ वैशाख (रासस)।

नेपाल विद्युत् प्राधिकरणले 'डेडिकेटेड फिडर' तथा 'ट्रङ्कलाइन' प्रयोग गरेबापत लिनुपर्ने विद्युत् महसुल कडाइका साथ असुल गर्ने भएको छ।

शुक्रबार जारी गरेको श्वेतपत्र सार्वजनिक कार्यक्रममा प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले असुल गर्नुपर्ने रकम कुनै पनि अवस्थामा छुट नहुने बताउनुभयो। उहाँले बक्यौता असुलीका लागि प्राविधिक रूपमा प्रमाण जुटाउनुपर्ने र पहिलो खण्ड तथा तेस्रो खण्डको रकमको हकमा अदालतमा विचाराधीन रहेकाले अरू असुल गरिने बताउनुभयो।

प्राधिकरणको बाँकी बक्यौतातर्फ २०८१ असार मसान्तसम्मको डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनतर्फको रु २३ अर्ब ४४ करोडसहित २०८१ फागुनसम्म प्राधिकरणको जम्मा बक्यौता रु ४४ अर्ब ५४ करोड रहेको छ। डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनतर्फको रु २३ अर्ब ४४ करोडमध्ये पहिलो खण्ड २०७२ साउनदेखि पुससम्मको रु एक अर्ब ४२ करोड, दोस्रो खण्ड २०७२ माघदेखि २०७५ वैशाखसम्म रु ६ अर्ब ११ करोड तथा तेस्रो खण्ड २०७५ जेठदेखि २०७७ असारसम्म रु नौ अर्ब एक करोड र चक्रिय जरिवाना रकम रु ६ अर्ब ९० करोड रहेको जारी गरिएको श्वेतपत्रमा उल्लेख छ।

त्यस्तै नेपाल सरकारबाट कोभिड-१९ छुट, चिस्यान केन्द्रलगायत शीर्षकमा दिइएको छुटवापतको रकम रु १४ अर्ब १० करोड बराबरको रकम शोधभर्ना प्राप्त गर्न बाँकी रहेको उल्लेख गर्दै कार्यकारी निर्देशक शाक्यले विगतका वर्षदेखि बाँकी रहिआएको भए पनि सरकारबाट प्राप्त गर्नुपर्ने बताउनुभयो। डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनतर्फको र अन्यसहित बक्यौता जम्मा रु ३२ अर्ब पाँच करोड रहेको जानकारी दिँदै उहाँले उक्त रकम महालेखा परीक्षकको आव २०८०/८१ को प्रतिवेदनमा पनि प्राप्ति अनिश्चित भएको उल्लेख गर्नुभयो।

उक्त बक्यौता रकम असुल गर्न यसअघि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले प्राधिकरणलाई निर्देशन दिनुभएको थियो। पटक-पटक प्राधिकरणसँगको छलफलमा मन्त्री खड्काले सो बक्यौता उठाउन कुनै सम्झौता नगर्न निर्देशन दिनुभएको थियो। उक्त निर्देशनलाई ध्यानमा राखेर प्राधिकरणले श्वेतपत्रमा उल्लेख गर्दै असुल गरिने सूचीमा राखेको कार्यकारी निर्देशक शाक्यले बताउनुभयो।

# सबै सरकारी अस्पताललाई एउटै अनलाइन सेवामा आबद्ध गरिने

काठमाडौँ, १९ वैशाख (रासस)।

सरकारले सबै सरकारी अस्पताललाई एउटै अनलाइन सेवामा आबद्ध गर्ने भएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्‌को संयुक्त बैठकमा शुक्रबार सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै अस्पताललाई अनलाइन सेवामा आबद्ध गर्नेगरी नागरिक एपलाई सुधार गरिने बताउनुभयो। सबै नागरिकलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य गरिने उहाँले बताउनुभयो। स्वास्थ्य प्रणालीको विकास जनसङ्ख्या, भूगोल र रोगको भारका आधारमा गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

जनसङ्ख्या वृद्धि दरलाई पुनःस्थापना दरभन्दा कम हुन नदिने गरी जनसङ्ख्या नीति तर्जुमा गरिने भएको छ। साथै स्वास्थ्य र जनसाङ्ख्यिक दर्ता प्रणालीलाई एकीकृत स्वास्थ्य सूच्ना प्रणालीसँग आबद्ध गर्ने सरकारको योजना छ।

# गम्भीर प्रकृतिका रोगको उपचार स्वास्थ्य बिमाबाटै

काठमाडौँ, १९ वैशाख (रासस)।

सरकारले गम्भीर प्रकृतिका उपचार स्वास्थ्य बिमाबाट गरिने व्यवस्था गर्ने भएको छ।

सङ्घीय संसदमा शुक्रबार प्रस्तुत गरिएको सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा गम्भीर प्रकृतिका रोगको उपचार बिमाबाट हुनेगरी सुविधा थैली परिमार्जन गर्न आवश्यक नीतिगत व्यवस्था गरिने उल्लेख गरिएको हो। राष्ट्रपति रामचन्द्र पौडेलले बिमा सेवाको सुशासन र वित्तीय दायित्वका लागि बिमा बोर्डको पुनः संरचना गरिने उल्लेख गर्नुभयो।

साथै बिमा प्रणालीमाथिको व्ययभार न्यून गर्न सरकारद्वारा उपलब्ध गराइने आधारभूत तथा अत्यावश्यक औषधि बिमा प्रणालीमा जोडिने जनाइएको छ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३८२८११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np